अनुसूची-२
(निर्देशन नं ४(क) सँग सम्बन्धित)

## ........................................................ गुम्बा/विहार/बहाल/बहिल/छ्योर्तेन/गुफा र तीर्थस्थलको

# विधान २०७२

### परिच्छेद – १

**प्रस्तावना :**
स्थानीय बासिन्दाहरु तथा गुम्बासँग प्रत्यक्ष सरोकार राख्ने जनताहरुलाई गुम्बाको महत्व र आवश्यकताको पहिचान गरी अहिंसा, शान्तिको संदेश र सो को प्रचार प्रसारका माध्यमबाट त्यस क्षेत्रमा रहेका आम बौद्ध मार्गीहरुलाई भूमिका निर्वाह गर्न सजिलो हुने उद्देश्यले गुम्बा व्यवस्थापन समिति गठन गरी बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा सञ्चालन नियमावली २०७१ बमोजिम यो विधान तयार गरिएको छ।

**१.१. संक्षिप्त नाम र प्रारम्भ :**

क. यस गुम्बाको नाम ........................................................................................" रहने छ।

ख. यस गुम्बाको कार्यालय रहने ठेगाना: यस गुम्बाको कार्यालय ........................जिल्ला ...........................गा.वि.स. वडा नं. .................. मा रहनेछ।

ग. यो विधान बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समितिले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ।

**१.२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा :

क. "गुम्बा" भन्नाले यस विधान बमोजिम दर्ता भएको गुम्बा सम्झनु पर्दछ। र सो शब्दले बिहार, बहाल, बहिल र छ्योर्तेनलाई समेत जनाउँनेछ।

ख. "विधान" भन्नाले ........................................................................................ गुम्बाको विधानलाई जनाउँदछ।

ग. "नियमावली" भन्नाले यस विधान अन्तर्गत बनेको नियमलाई सम्झनुपर्दछ।

घ. "कार्य समिति" भन्नाले गुम्बा व्यवस्थापनलाई जनाउँदछ।

ङ. "पदाधिकारी" भन्नाले यस गुम्बाको अध्यक्ष, उपाध्यक्ष, सचिव, सह–सचिव, कोषाध्यक्ष र सदस्यहरुलाई सम्झनु पदर्छ।

च. "बौद्ध अनुयायी" भन्नाले बुद्ध तथा बुद्ध भगवानसँग आस्था तथा विश्वास राख्ने व्यक्तिहरु सम्झनु पर्छ।

छ. "प्रमुख लामा" भन्नाले गुम्बाको पूजापाठ गर्ने प्रमुख व्यक्तिलाई जनाउँदछ।

ज. "तोकिए बमोजिम" भन्नाले यो विधान र यस अन्तर्गत बनेको नियमहरुमा तोकिएको कुरालाई जनाउँदछ।

झ. "सभा" भन्नाले यस विधान बमोजिम बसेको साधारण सभा तथा विशेष साधारण सभालाई समेत जनाउँदछ।

ञ. "स्थानीय निकाय" भन्नाले जि.वि.स. नगरपालिका, उप–महानगरपालिका, महानगरपालिका र गा.वि.स.लाई सम्झनु पर्दछ।

ट. "स्थानीय अधिकारी" भन्नाले प्रमुख जिल्ला अधिकारी समेतलाई सम्झनुपर्दछ।

**१.३. गुम्बा, विहार, बहाल, बहिल, छ्योर्तेनको लोगो र छाप :**

यस ........................................................................................ गुम्बाको आफ्नै छाप र लोगो हुनेछ।

**१.४. गुम्बाको अस्तित्व :**

एक अविछिन्न उतराधिकारवाला, संगठित, स्वशासित, गैर-सरकारी सामाजिक गुम्बा हुनेछ । समितिबाट आफ्नो उद्देश्य बाहेक आयआर्जन गर्ने तथा कुनै प्रकारको शुल्क लिई वा नलिई परामर्श सेवा प्रदान गर्ने कार्य गरिने छैन । गुम्बाले आफ्नो नाममा चल अचल सम्पत्ति खरिद गर्न सक्नेछ ।

**परिच्छेद – २**

**२.१. गुम्बाको उद्देश्य :**

देशको प्रचलित कानूनको अधीनमा रही कार्य गर्ने गरी निम्न उद्देश्यहरु रहनेछन् ।

क. बौद्ध दर्शन तथा बौद्ध धर्म संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्ने,

ख. गुम्बासँग सरोकारित स्थानीय वासिन्दाहरुको जीवनस्तर अभिवृद्धिका लागि सीपमूलक विभिन्न प्रकारका कार्यक्रमहरु संचालन गर्ने र गुम्बा, विहारहरुलाई स्वावलम्बी बनाउन सघाउ पुर्‍याउने,

ग. गुम्बालाई शैक्षिक केन्द्रको रुपमा विकास गर्ने,

घ. गुम्बालाई धार्मिक पर्यटकीय केन्द्रको रुपमा विकास गर्न विभिन्न प्रवर्द्धनात्मक कार्यहरु गर्ने ।

ङ. गुम्बाहरुमा पठन पाठनका लागि उपयोगी पाठ्यपुस्तकहरुको प्रकाशन गर्ने

च. यस गुम्बाले यस क्षेत्र वरपर रहेका बौद्ध धर्मालम्बीहरु र बुद्ध धर्मसँग आस्था राख्ने व्यक्तिहरुको मृत्यु भएमा मृत्यु पर्यन्त गुर्नुपर्ने धार्मिक पूजा–आजा गर्नको लागि आवश्यक कोषको व्यवस्था मिलाउनुको साथै कोठाको समेत व्यवस्था गर्नको लागि आवश्यक कार्य गर्ने ।

छ. धार्मिक कार्य पूजाआजा गर्ने आवश्यक सरसामानहरुको व्यवस्था गरी सहयोग गर्नेछ साथै धार्मिक पूजा आजा गर्ने आवश्यक धार्मिक पुस्तकहरुको संकलन गर्ने कार्य गर्नेछ ।

ज. बुद्ध धर्म मानवीय धर्ममा आधारित भएको र अहिंसा नै परमधर्म भएको हुँदा शान्तिका अग्रदूत गौतम बुद्धबाट प्रतिपादित सिद्धान्त ज्ञानहरु जोडदार रुपमा फैलाई शान्ति जागरण गर्ने आवश्यक कार्यहरु समेत गर्नेछ ।

झ. विधानमा जे सुकै लेखिएको भएतापनि नेपाल सरकारमा प्रचलित ऐन नियमको परिधि भित्र रही कार्य सञ्चालन गरिनेछ ।

ञ. यो गुम्बा गैर राजनीतिक, मुनाफारहित जनहितकारी हुनेछ ।

**२.२. गुम्बाको उद्देश्य प्राप्त गर्न गरिने कामहरु :**

"..............................................................................." **नामक गुम्बाको उपरोक्त उद्देश्यहरु प्राप्त गर्न देहायका कामहरु गर्नेछ ।**

क. गुम्बाले प्रचलित नेपाल कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा ईजाजत प्राप्त गरी मात्र उपरोक्त उद्देश्य कार्यान्वयन गर्नेछ,

ख. गुम्बाले आफूलाई आवश्यक पर्ने जग्गा, जमिन खरिद बिक्री गर्न, भवन निर्माण गर्न वा भाडामा लिन सक्नेछ र कम्प्यूटर, टेलिफोन, टाइपराइटर, फ्याक्स, फोटोकपी, स्क्यानिङ जस्ता आवश्यक कार्यालय समान तथा सवारी साधन खरिद गर्नेछ वा सवारी साधन भाडामा लिई प्रयोग गर्नेछ,

ग. गुम्बाको साधारण सभाले दैनिक कार्य संचालनको लागि आवश्यक पर्ने दक्ष अर्धदक्ष तथा सहयोगी स्तरका कर्मचारीहरु नियुक्ति गर्न तथा तिनीहरुको पारिश्रमिक र सेवाका शर्तहरु निर्धारण गर्ने,

घ. विभिन्न स्रोत साधनबाट गुम्बामा प्राप्त रकम बैंकमा जम्मा गरी बैंक खाता संचालन गर्नेछ,

ङ. प्रचलित कानूनको विपरीत नहुने गरी गुम्बाले अन्य आवश्यक कार्यहरु गर्नेछ,

च. गुम्बाले सम्बन्धित निकायको नीति निर्देशन पालना गर्नेछ ।

**२.३. प्रतिबद्धता :**

यस गुम्बाको कुनै क्रियाकलापले नेपाल तथा विदेशी राष्ट्र, अन्तराष्ट्रिय संघसंस्था, गुम्बा एवं संगठनको सम्बन्धमा प्रतिकुल असर पार्ने वा नेपालको परराष्ट्र नीतिको वर्खिलाप हुन जाने वा नेपालको अखण्डता, सार्वभौमसत्ता, स्वतन्त्रता तथा शान्ति सुरक्षामा खलल पुग्ने कुनै काम कुरा नगर्ने प्रतिबद्धता व्यक्त गर्दछौ ।

**परिच्छेद – ३**

**३.१. सदस्यता र सदस्यको प्रकार :**

क. सदस्यता शुल्क सदस्यता प्रदान गर्ने विधि : "........................................................." नामक गुम्बाको सदस्य समुदायको सबै पुरुष वा महिलाहरुले यस गुम्बाको विधान पालना गर्न मञ्जुरी गरी विधानमा उल्लेखित नियम अनुसार शुल्क बुझाई यस गुम्बाको सदस्य बन्न सक्नेछ ।

ख. यस " ............................................... " नामक गुम्बाको सदस्य ५ प्रकारको हुनेछ ।

१. संस्थापक सदस्य २. साधारण सदस्य ३. आजीवन सदस्य

४. मानार्थ सदस्य ५. संरक्षक सदस्य

१. **संस्थापक सदस्य** भन्नाले यस "......................................" नामक गुम्बाको विधान दर्ता हुँदाको बखत गठित तदर्थ समितिको सदस्यहरुलाई जनाउँदछ ।

२. **साधारण सदस्य** भन्नाले यस विधानको दफा ३.३ बमोजिम योग्यता भएको र गुम्बाको न्यूनतम शुल्क रु................. तिरी साधारण सदस्यता लिई सदस्यता ग्रहण गर्न सकिनेछ ।

३. **आजीवन सदस्य** भन्नाले यो गुम्बालाई उल्लेखनीय योगदान पुऱ्याई आर्थिक सहयोग स्वरुप न्यूनतम रु........... वा सो भन्दा बढी रकम सहयोग प्रदान गर्नेलाई यस समितिको आजीवन सदस्यता प्रदान गरिनेछ ।

४. **मानार्थ सदस्य** भन्नाले गुम्बाको विकास सम्बन्धी काम कारवाहीमा उल्लेखनीय योगदान पुऱ्याउने, उपयुक्त ठहर गरिएका समाजका विशिष्ट समाजसेवी, विद्वान् तथा प्रतिष्ठित व्यक्तिलाई मानार्थ सदस्यता प्रदान गर्न सकिने छ । तर यस्तो सदस्यले मतदानमा भाग लिन पाउने छैन ।

५. **संरक्षक सदस्य** भन्नाले यस गुम्बाको हित, विकास एवं समृद्धिको लागि निरन्तर रुपमा निस्वार्थ भावनाले लागिरहने तथा गुम्बाको संरक्षकको भूमिका निर्वाह गर्नेलाई बुझिन्छ ।

**संरक्षकको काम, कर्तव्य र अधिकार :**

क. गुम्बाको हक, हित तथा सम्बर्द्धनको लागि गुम्बाको कार्य समितिलाई आवश्यक नीति, निर्देशन, नियन्त्रण एवम् रेखदेख गर्ने ।

ख. **संरक्षकको पदावधि :**

कार्य समितिको निर्णय अनुसार ३ वर्षको लागि नियुक्ति गरिएको संरक्षकको पदावधि, क्रियाकलाप तथा योगदान प्रशंसनीय तथा उल्लेखनीय भएमा निजको पदावधि एक वर्षको लागि पुनः थप गर्न सकिनेछ । तर गुम्बाको हक हित, उद्देश्य विपरीत कार्य गरिएको ठहर भएमा कार्य समितिको निर्णय अनुसार निजलाई अवकास गर्न सकिन्छ ।

**३.२. सदस्यता नवीकरण :**

यस गुम्बाको कार्यसमिति तथा साधारण सदस्य सहित सम्पूर्ण सदस्यले प्रत्येक वर्ष नियमित रुपले आर्थिक वर्षको तीन महिनाभित्र सदस्यता नवीकरण गनुपर्नेछ ।

**३.३. सदस्यता प्राप्तिको लागि आवश्यक योग्यता :**

यस गुम्बाको सदस्यको लागि देहायका बमोजिम योग्यता पुगेको हुनुपर्नेछ ।

क. १८ वर्ष पूरा भएको नेपाली नागरिक ।

ख. मानसिक सन्तुलन नगुमाएको ।

ग. सार्वजनिक सम्पत्ति हिनामिना गरेको नठहरेको ।

घ. नैतिक पतनदेखिने फौजदारी र भ्रष्टाचारीको अभियोगमा सजाय नपाएको ।

**३.४. गुम्बाको सदस्यता प्राप्त गर्न वा वहाल रहन नसक्ने अवस्था :**

देहायका अवस्थामा कुनै पनि व्यक्तिले गुम्बाको सदस्यता प्राप्त गर्न सक्ने छैन ।

क. १८ वर्ष उमेर पूरा नगरेका

ख. गैह्र नेपाली नागरिक,

ग. मगज विग्रेको वा बौलाएको,

घ. सार्वजनिक सम्पत्ति हिनामिना गरेको ठहरेको ,

ङ. नैतिक पतनदेखिने फौजदारी र भ्रष्टाचारी अभियोगमा सजाय पाएको ।

च. सम्बन्धित गुम्बाको व्यवसायमा निजी स्वार्थ भएको,

छ. साहूको दामासाही परेको,

ज. कुनै प्रकारको चोरी, ठगी, किर्ते वा जालसाजी गरेको वा आफ्नो जिम्माको धनमाल अनाधिकृत तवरले मासेको वा दुरुपयोग ठहरी सजाय पाई सजाय पाएको १ वर्षभित्र ।

**३.५ सदस्यताको समाप्ति :** देहायको अवस्थामा कुनै पनि व्यक्ति गुम्बामा बहाल रहने छैन ।

क. यो विधानको दफा ३.३ बमोजिमको सदस्य पद प्राप्त गर्न नसक्ने भएमा ,

ख. साधारण सभाको ६६.६७ % सदस्यहरुको बहुमतले गुम्बाको सदस्य पदबाट हटाउने प्रस्ताव पारित गरेमा,

ग. विधानमा आँच आउने काम गरेमा वा गर्न नहुने काम गरेमा,

घ. गुम्बा विघटन भई खारेज भएमा वा गुम्बाको काम कार्यवाहीमा बेईमानी वा बदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा,

ङ. मृत्यु भएमा

च. लिखित राजीनामा दिई स्वीकृत भएमा,

**३.६. सदस्यता प्रदान गर्ने विधि :**

क. यस गुम्बाको सदस्यता प्राप्त गर्न चाहने इच्छुक व्यक्तिहरुबाट शुल्क रु. …………।- लिई दरखास्त दिनुपर्नेछ ।

ख. सदस्यत लिन चाहने व्यक्तिले बुझाएको दरखास्त दफा ३.३ बमोजिम योग्यता पुगेमा कार्यसमितिले विधानमा तोकिए बमोजिमको सदस्यता शुल्क लिई सदस्यता प्रदान गर्नेछ,

**३.७. सफाईको मौका :**

यस विधान बमोजिम समितिले गर्न नहुने भनी तोकिएको कुनै कार्य गरेमा कुनै व्यक्तिलाई गुम्बाको सदस्यमा नियुक्ति हुनु वा वहाल रहन अयोग्य ठहराउँनुभन्दा अघि समितिले निजलाई सो कुराको सूचना दिई सफाईको सबुद पेश गर्ने मौका दिनेछ ।

## परिच्छेद – ४

**४.१. साधारण सभा तथा बैठक सम्बन्धी व्यवस्था**

**४.१.१. साधारण सभाको गठन :** यस विधानको दफा ३.१ अनुसार सदस्यता प्राप्त गर्ने मानार्थ सदस्य बाहेक अन्य सदस्य साधारण सभामा आमन्त्रित हुनेछन् । साधारण सभा गुम्बाको सर्वोच्च अङ्ग हुनेछ । गुम्बाको साधारण सभा देहाय बमोजिम हुनेछ ।

क. प्रथम साधारण सभा : गुम्बाको सम्पूर्ण सदस्यहरु रहेको एक साधारण सभा हुनेछ, यो गुम्बा दर्ता भएको छ महिनाभित्र प्रथम साधारण सभा गरिनेछ ।

ख. विषेश साधारण सभा : गुम्बाको दुई तिहाई (२/३) सदस्यले सही गरी सभा बोलाउन माग गरेमा १५ दिन भित्रमा विषेश सधारण सभा बोलाउन सकिनेछ । यसका लागि कम्तिमा ७ दिन अगाबै सभा हुने ठाउँ, मिति र छलफल हुने विषय खोली सबै साधारण सदस्यलाई सूचना दिइनेछ

**४.२. गणपुरक संख्या :**

कुल सदस्य संख्याको २/३ सदस्यहरु उपस्थित नभई साधारण सभाको काम कार्यवाही हुने छैन । तर पुन: दोश्रो पटक बोलाइएको साधारण सभामा कुल संख्याको ५१% तथा तेस्रो पटक बोलाइएको साधारण सभामा पनि गणपुरक संख्या नपुग भएमा त्यसैलाई गणपुरक संख्या पुगेको मानी साधारण सभा सम्पन्न गरिने छ । तर सदस्यहरुलाई साधारण सभामा बोलाईने सूचना, पत्रहरु, स्थानीय सञ्चारमाध्यममा प्रवाह गरेका सूचना, प्रमाण दुरुस्त राख्नु पर्नेछ ।

**४.३. साधारण सभाको काम, कर्तव्य र अधिकार :**

क. गुम्बाको पदाधिकारीहरु एवं सदस्यहरुको निर्वाचन गर्ने, अध्यक्षको राजीनामा स्वीकृति गर्ने, हटाउने, निलम्बन गर्ने ।

ख. गुम्बाको वार्षिक वजेट पेश गर्ने ।

ग. वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

**४.४. साधारण सभाको कार्यविधि :**

क. साधारण सभाको अध्यक्षता कार्य समितिको अध्यक्षले गर्नेछन्, निजको अनुपस्थिति भएमा उपाध्यक्ष वा निज पनि अनुपस्थिति भएमा साधारण सदस्यको बहुमतद्वारा एक जना सदस्यले गर्नेछ ।

ख. साधारण सभामा छलफल गर्ने विषयहरु प्रस्तावको विषयमा छलफल गरिनेछ, प्रस्ताव उपर छलफल हुँदा सबैको एकमत भएमा प्रस्ताव पारित भएको मानिनेछ । तर विशेष प्रस्ताव उपर छलफल हुँदा २/३ सदस्यहरुको उपस्थिति भई उपस्थित सदस्यहरुको बहुमतबाट प्रस्ताव पारित गरिनेछ ।

**४.५. कार्य समिति** :

कार्य समितिको गठन साधारण सभाको निर्वाचनद्वारा गरिनेछ तर प्रथम वार्षिक साधारण सभा नभएसम्मको लागि कम्तिमा निम्न बमोजिम अध्यक्ष तथा सदस्यहरु रहेको कार्य समिति रहनेछ ।

१. अध्यक्ष.........................१

२. उपाध्यक्ष......................१

३. सचिव ........................१

४. सह–सचिव...................१

५. कोषाध्यक्ष.....................१

६. सदस्यहरु......................४

४.६. दफा ४.५ बमोजिम निर्वाचित कार्य समितिको पदावधि ३ वर्षको हुनेछ ।

**४.७. कार्य समितिको काम, कर्तव्य र अधिकार :**

क) साधारण सभाबाट पारित निर्देशनको पालना गर्ने ।

ख) यस विधानको उद्देश्य अनुरुप वार्षिक कार्यक्रम बनाई कार्यन्वय गर्ने र गराउने ।

ग) आगामी कार्यक्रमको लागि बजेट बनाई सधारण सभामा पेश गर्ने तथा आवश्यकता अनुसार विभिन्न उपसमितिहरु गठन गर्ने ।

घ) नियमावली बनाउने र संशोधनका लागि पेश गर्ने ।

ङ) कार्य समितिको बैठक आवश्यकता अनुसार कार्य समितिको अध्यक्षले बोलाउनेछ । जम्मा सदस्य संख्याको ५१% सदस्यले माग गरेमा अध्यक्षले कार्य समितिको बैठक बोलाउनुपर्नेछ ।

च) माथिका उपनियमहरुमा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यसमितिले गर्न पाउने कुनै कामको सम्बन्धमा कार्यसमितिका सबै सदस्यहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक विना पनि गर्न सकिनेछ । उपरोक्त बमोजिमको सहमतिलाई कार्य समितिको बैठकको निर्णय सरह मानिनेछ ।

छ) प्रमुख लामा नियुक्ति गर्ने ।

## परिच्छेद – ५
## पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

**५.१. अध्यक्षको काम, कर्तव्य र अधिकार :**

क) समिति र सभाको बैठकको अध्यक्षता गर्ने, बैठक सञ्चालन गर्ने ।
ख) निर्णायक मत दिने ।
ग) संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने ।
घ) संस्थाको नेतृत्व लिने ।
ङ) आवश्यकता अनुसार बैठकहरु बोलाउन सचिवलाई निर्देशन दिने ।
च) अन्य पदाधिकारी एवं सदस्यहरुलाई कामको बाँडफाँड गर्ने ।
छ) अभिलेख प्रमाणित गर्ने ।

**५.२. उपाध्यक्षको काम, कर्तव्य र अधिकार :**

क) अध्यक्षलाई सहयोग गर्ने ।
ख) अध्यक्षले दिएको जिम्मेवारी पूरा गर्ने ।
ग) अध्यक्षको अनुपस्थितिमा निजको कार्यहरु गर्ने ।

**५.३. सचिवको काम, कर्तव्य र अधिकार :**

क) संस्थाको सचिवालयको रेखदेख र सञ्चालन गर्ने ।
ख) अध्यक्षको निर्देशन अनुसार बैठक र सभा बोलाउने ।
ग) अभिलेख सुरक्षित राख्ने ।
घ) अध्यक्षले दिएको अन्य जिम्मेवारी पूरा गर्ने ।

**५.४. सह-सचिवको काम, कर्तव्य र अधिकार :**

क) सचिवको अनुपस्थितिमा सचिवले गर्ने सम्पूर्ण कार्य गर्ने ।
ख) सचिवलाई आवश्यक सहयोग गर्ने ।

**५.५ कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

क) संस्थाको कोषको रेखदेख र सञ्चालन गर्ने ।
ख) साधारण सभामा वार्षिक कार्यक्रम र बजेट पेश गर्ने ।
ग) लेखा दुरुस्त राख्ने ।
घ) नियमितरुपमा वार्षिक लेखापरीक्षण गराउने ।

**५.६. सदस्यहरुको काम, कर्तव्य र अधिकार :**

क. समितिको बैठकमा सक्रिय सहभागिता जनाउने ।
ख. संस्थाको कार्यमा रचनात्मक भूमिकाको निर्वाह गर्ने ।

**५.७. प्रमुख लामाको काम, कर्तव्य र अधिकार :**

क. गुम्बामा दैनिक पूजापाठ गर्ने, बौद्ध धर्म, संस्कृति, परम्पराको संरक्षण तथा संबर्द्धन गर्ने ।
ख. गुम्बाको संरक्षण र सम्बर्द्धनको लागि आवश्यक कार्य गर्ने ।
ग. लामाहरुको नियुक्ति गर्ने ।

## परिच्छेद – ६
## आर्थिक व्यवस्था

**६.१. गुम्बाको कोष :**

गुम्बाको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिम प्राप्त रकम रहनेछ ।

क. सदस्यता शुल्क वापत प्राप्त रकम ।
ख. नेपाल सरकारबाट प्राप्त अनुदान रकम ।
ग. प्रचलित ऐन, नियम अनुसार विभिन्न राष्ट्रिय, अन्तर्राष्ट्रिय संघसंस्था एवं चन्दादाताहरुबाट प्राप्त हुने रकम ।

**६.२. खाता संचालन :**

गुम्बाको अध्यक्ष, कोषाध्यक्ष र सचिवको संयुक्त दस्तखतबाट खाता संचालन हुनेछ ।
खाता सञ्चालनमा कोषाध्यक्षको अनिवार्य हस्ताक्षर सहित अन्य दुईमध्ये एकको हस्ताक्षरबाट खाता सञ्चालन हुनेछ ।

**६.३. कोषको सुरक्षा :**

कोषाध्यक्षको जिम्मामा कार्यसमितिले तोकेको रकम कोषमा रहनेछ ।

**६.४. खर्च :**

क. आर्थिक वर्ष समाप्त भएको ३० दिनभित्र स्वीकृत प्राप्त लेखा परीक्षणबाट वार्षिक लेखापरीक्षण गराइनेछ ।
ख. गुम्बाको हिसाब किताब सम्पूर्ण चल, अचल सम्पत्तिको दुरुस्त राखिनेछ ।

**६.५. गुम्बाको वही खाता एवं दर्ता किताब :**

क. गुम्बाको आफनो काम, कारोवार संचालन गर्न देहाय बमोजिम वही खाता एवं दर्ता किताब राख्नेछ ।
ख. समय समयमा आवश्यक परेमा अन्य वही खाता समेत राख्न सकिनेछ ।

**६.६. गुम्बाको लेखा र लेखापरीक्षण :**

क. हरेक वर्ष भएको गुम्बाको आम्दानी खर्च तथा चल-अचल मौज्दात समेत लेखा परीक्षण साधारण सभाले मुकरर गरेको नेपाल सरकारको मान्यता प्राप्त लेखापरीक्षकबाट गराइनेछ ।
ख. नेपाल सरकार, बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति वा स्थानीय अधिकारीले चाहेमा जुनसुकै बखत पनि गुम्बाको हिसाब किताव जाँच गर्न, गराउँन सक्नेछ ।
ग. लेखा परीक्षकको नियुक्ति वार्षिक साधारण सभाबाट हुनेछ । तर प्रथम वार्षिक साधारण सभा नभएसम्म लेखा परीक्षकको नियुक्ति कार्य समितिबाट हुनेछ ।

## परिच्छेद – ७

**७. निर्वाचन :**

यस गुम्बाको निर्वाचन साधारण सभाले तोके बमोजिम प्रजातान्त्रिक परिपाटी अनुसार सम्पन्न गरिनेछ । गुम्बा दर्ता भएको ६ महिना भित्रमा पहिलो निर्वाचन गराई सो को जानकारी स्थानीय अधिकारी र बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समितिमा पठाइनेछ । निर्वाचन गर्नका लागि तत्काल कायम रहेको कार्य समितिले एक निर्वाचन समितिको गठन गर्नेछ ।

**७.१. निर्वाचन सम्बन्धी व्यवस्था :**

क. सामाजिक वा बौद्धिक रुपले प्रतिष्ठित स्थानीय व्यक्ति वा अन्य गुम्बाको क्षेत्रमा अनुभव हासिल गरेको व्यक्तिको संयोजकत्वमा गुम्बाको सदस्यहरु मध्येबाट दुई जनासमेत प्रतिनिधि रहने गरी निर्वाचन समिति गठन गरिनेछ ।
ख. गुम्बाको विधानको अधीनमा रही कार्य समितिको निर्वाचन गर्न संचालक समितिले ३ वा ४ सदस्यीय निर्वाचन समिति गठन गर्नेछ ।
ग. निर्वाचन सम्बन्धी कार्य तत्काल प्रचलित ऐन कानूनमा तोकिएको तरिका बमोजिम गठित समितिले गर्नेछ ।
घ. गुम्बाको नियमानुसार कुनै सदस्यता लिएको हुनपर्ने छ ।

**७.२. उम्मेद्वार हुने योग्यता :**

क. नेपाली नागरिक हुनुपर्ने ।
ख. असल आचरण भएको ।

ग. कुनै फौजदारी अभियोग नलागेको ।

**७.३. अविश्वासको प्रस्ताव :**

क.नेपाली भाषामा शिष्ट शब्दको प्रयोग गरी लेखिएको हुनु पर्नेछ ।

ख.प्रस्तावको विषय स्पष्ट व्यावहारिक हुनुपर्नेछ ।

ग.साधारण सभामा सदस्यहरु मध्येबाट १/४ (एक चौथाई) सदस्यहरुको प्रष्ट नाम, थर र ठेगाना सहित खुलाई सही भएको हुनुपर्नेछ ।

**७.४. अविश्वासको प्रस्ताव माथि निर्णय**

क.साधारण सदस्यहरुलाई अविश्वासको प्रस्तावको पक्ष र विपक्षमा गोप्य मतदान गराएर वा

ख.अविश्वासको प्रस्तावको पक्षमा मत प्रकट गर्ने एक समूहमा र विपक्षमा मत प्रकट गर्ने समूह छुट्याएर ।

**७.५. विधान संशोधन :**

समय अनुरुप साधारण सभाका दुई तिहाई सदस्यहरुले अनुमोदन गरे पश्चात् समितिको विधान संशोधन गर्न सकिनेछ । सो को अनुमोदन बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समितिबाट गराउँनु पर्नेछ ।

**७.६. नियम बनाउन सक्ने :**

गुम्बाले आफ्नो कार्य व्यवस्थित सम्पादन गर्न नियम बनाउन सक्नेछ ।

**७.७. सल्लाहकार समिति :**

कार्य समितिले यस गुम्बाको हित र परिपूर्तिको निम्ति प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा योगदान दिन सक्ने महिला वा पुरुष दुवैलाई आवश्यकता अनुसार सल्लाहकार समितिमा मनोनित गर्न सक्नेछ ।

**७.८. तदर्थ समिति :**

गुम्बास्थापना गरी दर्ता गराउनको लागि गठित कार्य समितिले तदर्थ कार्य समितिको रुपमा काम गर्नेछ । सो अवधिमा तदर्थ समितिले गरेको कामहरु यसै विधान अनुसार कार्य समितिबाट भए सरह मानिनेछ ।

**७.९. गुम्बा (निस्कृयता) खारेजी :**

साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी गुम्बा खारेज गर्न सक्नेछ ।

**७.१०. गुम्बाको विघठन :**

यस गुम्बामा लेखिएको दफा ७.९ बमोजिम गुम्बा निस्क्रिय भएमा गुम्बाको चल अचल सम्पत्ति स्वतः नेपाल सरकारको हुनेछ ।

**७.११. व्याख्या :**

गुम्बाको विधान व्याख्या गर्ने अधिकार गुम्बाको कार्य समितिलाई हुनेछ ।

**७.१२. ऐन अनुसार हुने :**

यस विधानमा उल्लेख भएका बुदाँहरु प्रचलित ऐन कानून अनुसार हुनेछ ।

**७.१३. गोप्यता भङ्ग गर्न नहुने :**

यस गुम्बाका कुनै पनि पदाधिकारी वा सदस्यले गुम्बाको अहित हुने कार्य गर्न हुँदैन ।

**७.१४. विवाद सुम्पने :**

गुम्बामा कुनै कारणवश भवितव्य कुनै विवाद उत्पन्न भएमा सो विवाद समाधान गर्न कार्यसमितिले विवाद हेर्ने कमिटी गठन गर्नेछ ।

**७.१५. निर्देशनको पालना :**

नेपाल सरकारबाट जारी नीति निर्देशनको पालना गर्नु सम्पूर्ण पदाधिकारीहरुको कर्तव्य हुनेछ ।

**७.१६. कर्मचारीको व्याख्या :**

गुम्बाको दैनिक कार्य सञ्चालन र योजना तथा कार्यक्रम संचालनको लागि कर्मचारी दरबन्दी सिर्जना, पारिश्रमिक, भत्ता, तथा अन्य सुविधा र कर्मचारी सेवा शर्तहरु अपनाउनु पर्ने कार्यविधि साधारण सभाले तोकिए बमोजिम हुनेछ ।

**७.१७. अधिकार प्रत्योजन गर्न सक्ने :**

गुम्बाको विधानको अधीनमा रही कार्य समितिका पदाधिकारीहरुले आफूमा निहित काम, कर्तव्य र अधिकार कार्य समितिको निर्णयले गुम्बाको अन्य पदाधिकारी, सदस्य वा कर्मचारीमा अधिकार प्रत्यायोजन गर्न सक्नेछ

**७.१८. पदाधिकारीहरुको बचाऊ :**

गुम्बाको भलाईका लागि असल नियतले निश्वार्थ रुपले गरिएको कुनै काम कार्यवाहीको फलस्वरुप समितिका पदाधिकारीहरु तथा सदस्यहरु दोषी भागी हुने छैनन् ।

**७.१९.** यस विधानमा नसमेटिएका कुराहरु बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समितिको नियम र निर्देशिका बमोजिम हुनेछ ।

**७.२०. विविध :**

हामी तपशिलका संस्थापकहरु यस विधान बमोजिम कार्य गर्न मन्जुर भै निम्न साक्षीहरुको रोहवरमा विधानमा सहीछाप गर्दछौं ।

| क्र. सं. | कार्य समितिहरुको नामावली | पद | ठेगाना | हस्ताक्षर | फोटो |
|---|---|---|---|---|---|
| १ | | अध्यक्ष | | | |
| २ | | उपाध्यक्ष | | | |
| ३ | | सचिव | | | |
| ४ | | सह-सचिव | | | |
| ५ | | कोषाध्यक्ष | | | |
| ६ | | सदस्य | | | |
| ७ | | सदस्य | | | |

| क्र.सं. | साक्षीहरुको नामावली | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

**अनुसूची - १**
**छापको लोगो**